प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७५।७६
चलानी नं. : १४८

मिति : २०७५।०६।१४

विषय : राजश्व तथा बजेट व्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय तहहरु (१०९ वटा) सबै,
प्रदेश नं ५ ।

यस मन्त्रालयले मिति २०७५ साल भाद्र महिनाको ११, १५, १७, १९, २१ र २४ गते प्रदेश नं. ५ का १०९ वटै स्थानीय तहहरुसँग बजेट र राजश्व सम्बन्धी व्यवस्थाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको व्यहोरा विदितै छ । उक्त कार्यक्रममा स्थानीय तहहरुले आर्थिक वर्ष २०७५/७६ का लागि निर्धारण गरेका राजश्वका दरहरु, स्वीकृत वार्षिक बजेट, स्वीकृत योजना तथा कार्यक्रम, स्थानीय तहको तथ्यांक व्यवस्थापन लगायत अन्य समसामयिक विषयमा प्रस्तुतीकरण र छलफल समेत गरिएको थियो । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय आर्थिक ऐन, २०७५, प्रदेश नं. ५ प्रदेश आर्थिक ऐन, २०७५, प्रदेश नं. ५ कर तथा गैरकर सम्बन्धी ऐन, २०७५, कार्यक्रममा स्थानीय तहहरुले प्रस्तुत गरेको विवरण, अन्तरक्रिया कार्यक्रममा भएको छलफल तथा स्थानीय तहले उपलब्ध गराएको चालु आर्थिक वर्षको आर्थिक ऐन, वार्षिक नीति तथा कार्यक्रम एवं प्रचलित कानून समेतको अध्ययन तथा विश्लेषणका आधारमा देखिएका प्रमुख सवालहरुका सम्बन्धमा सबै स्थानीय तहहरुलाई देहायका बुँदाहरुमा ध्यानाकर्षण गराइएको व्यहोरा प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७५।०६।१२ गतेको निर्णयानुसार अनुरोध छ ।

- आ.व. २०७५/७६ को वार्षिक बजेट, सालबसाली आर्थिक ऐन तथा सोसँग सम्बन्धित कानूनहरु स्वीकृत नगरेको लुम्बिनी सांस्कृतिक नगरपालिकाले यथाशक्य बजेट र सो सँग सम्बन्धित कानूनहरु तत्काल निर्माण गर्नुपर्ने देखिन्छ ।अन्यथा चालु आ.व.मा भए गरेका बजेट र राजश्व सम्बन्धी सम्पूर्ण क्रियाकलाप वैध मानिने छैनन् ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७५।७६
चलानी नं. :

- नेपालको संविधानमा सवारी साधन कर प्रदेश र स्थानीय तहको साझा अधिकारका सूचिमा सूचिकृत भएको र प्रदेश आर्थिक ऐन,२०७५ ले दररेट तोक्ने र संकलन गर्ने अधिकार प्रदेशलाई दिएको हुँदा सोही अनुसार गर्नु पर्ने हुन्छ । यसरी संकलन भएको राजश्वको ४० प्रतिशत स्थानीय तहमा जाने व्यवस्था छ ।

- कतिपय स्थानीय तहहरुले चालु आ.व.को आफ्नो आर्थिक ऐनमा मनोरन्जन करको दर निर्धारण गरी संकलन गर्दै आएको र कतिपयले मनोरञ्जन कर संलकन हुन सक्ने सम्भावित क्षेत्रमा समेत संकलन प्रक्रिया अगाडि बढाएको नपाइएकोले प्रदेश नं. ५ आर्थिक ऐन २०७५ मा निर्धारण गरिएको दररेटका आधारमा सो कर संकलन गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।यसरी संकलन गरिएको करको ४० प्रतिशत प्रदेशको कोषमा दाखिला गर्नु पर्ने हुन्छ ।

- प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५ मा प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रमा पर्ने विज्ञापन कर को दर स्थानीय तह आफैले निर्धारण गरी आफै संकलन गर्ने व्यवस्था भएकोमा कतिपय स्थानीयतहले आफ्नो आर्थिक ऐनमा विज्ञापन करका दरहरुको व्यवस्था गरेको तर कार्यान्वयन नगरेको र कतिपयले दर समेत निर्धारण नगरेको हुँदा त्यस्तो करको दर निर्धारण गरी तत्काल संकलन कार्य अगाडी बढाउन आवश्यक देखिन्छ ।

- प्रदेश र स्थानीय तहको साझा अधिकारमा रहेको नदीजन्य पदार्थको शुल्कको दर प्रदेश आर्थिक ऐन, २०७५ मा निर्धारण गरिसकिएको अवस्थामा कतिपय स्थानीय तहले सोको

☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७५।७६
चलानी नं. :

दररेट र सोमा निकासी शुल्क समेत निर्धारण गरी संकलन गर्ने व्यवस्था गरेको र प्रदेश सरकारबाट नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि जारी हुनु अगावै बोलपत्र प्रक्रिया समेत शुरु गरिसकेको पाइएकोले दररेटका सम्बन्धमा प्रदेश आर्थिक ऐन, २०७५ र बोलपत्र प्रक्रियाका सम्बन्धमा प्रदेश सरकारबाट स्वीकृत सो सम्बन्धी कार्यविधि बमोजिम गर्ने व्यवस्था मिलाउने ।

- अधिकांश स्थानीय तहले निकासी करको दर निर्धारण गरेको पाइएकोले त्यस्तो कर निर्धारण गरेका स्थानीय तहहरुले नेपालको संविधानको धारा २३६ मा उल्लेखित अन्तरप्रदेश व्यापार अन्तर्गत गरिएको व्यवस्थाको प्रतिकुल नहुनेगरी सो व्यवस्थाको कार्यान्वयन गर्न आवश्यक देखिन्छ। कतिपय स्थानीय तहहरुले स्थानीय कृषी उपज र पशु चौपायामा समेत विभिन्न नाममा लगाइएका कर तथा शुल्कले कृषि उत्पादन र कृषि पेशा वा व्यवसायमा संलग्न नागरिकहरुमा आफ्नो पेशा प्रति वितृष्णा उत्पन्न गर्ने हुँदा सो विषयलाई समेत मध्येनजर गरी यस्ता करहरुमा पुनर्विचार हुन आवश्यक देखिन्छ ।

- प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रमा रहेका र स्थानीय तहमार्फत संकलित राजस्व रकम बाँडफाँड गर्ने प्रयोजनको लागि स्थानीय तहहरुले विभाज्य कोष खाता खोली संचालनमा ल्याउनु पर्नेमा हालसम्म समेत सो को व्यवस्था गरेको नपाइएकोले सबै स्थानीय तहहरुले अविलम्ब स्थानीय विभाज्य कोष खाता संचालनमा ल्याई प्रदेश सरकार र स्थानीय तहबीच राजस्व बाँडफाँड गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ । यसरी संकलित रकम सो कोषमा जम्मा नगरी कुनैपनि स्थानीय तहको संचित कोष खातामा जम्मा गर्न मिल्ने छैन ।

☎: ०७१-५५०००३,
०७१-५५००६३

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

पत्र संख्या : ०७५।७६
चलानी नं. :

- संघीय सरकारबाट जारी गरिएको आ.व. २०७५/७६ को आर्थिक ऐनले स्थानीय सरकार संचालन ऐन, २०७४ मा गरेका कतिपय व्यवस्था संसोधन गरेकोले एकीकृत सम्पत्तिकर सम्बन्धी व्यवस्थालाई आर्थिक ऐन बमोजिम तोकिएको प्रक्रिया तथा मापदण्ड पुरा गरी परिमार्जन गर्नुपर्ने देखिन्छ ।

- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम तोकिएको म्याद भित्र घटना दर्ता नगरेमा सोही ऐनको दफा ५ को उपदफा ३ मा रु. ८ र दफा ४ मा रु. ५० सम्म बिलम्ब शुल्क लिन पाउने प्रावधान रहेको भएतापनि कतिपय स्थानीयतहले सो भन्दा बढी बिलम्ब शुल्क लिएको हुँदा उल्लेखित ऐनको प्रतिकुल हुने गरी निर्धारण गरिएको दररेट कार्यान्वयन नगरी जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- कतिपय स्थानीय तहले करको दर तोक्ने अधिकार कार्यपालिकालाई, कतिपय स्थानीय तहले स्थानीय तहको प्रमुखलाई अधिकार प्रत्यायोजन गरेको तथा कतिपय स्थानीय तहले दर नतोकि आपसी समझदारीका आधारमा निर्धारण गरिने भनि उल्लेख गरेको पाइएकोले करको दर निर्धारण गर्ने अधिकार जनप्रतिनिधि मूलक संस्था (स्थानीय सभा) लाई मात्र हुने भएकोले सो बमोजिम सभाबाट पारित गर्नुपर्ने देखिन्छ ।

- बजेट र राजस्व सम्बन्धी संघीय एवं प्रादेशिक व्यवस्था, ऐन कानुनका अन्तरवस्तु र आधारभूत सैद्दान्तिक ज्ञानको अभावमा कार्यसम्पादन गुणस्तरीय, नतिजामुखि र प्रभावकारी नहुने भएकोले स्थानीय जनप्रतिनिधि र कर्मचारीलाई स्थानीय कानून निर्माण, राजस्व

☎: ०७१-५५०००३,
०७१-५५००६३

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

पत्र संख्या : ०७५।७६

चलानी नं. :

व्यवस्थापन र बजेट कार्यान्वयन सम्बन्धमा आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरी उनिहरुमा बजेट निर्माण प्रक्रिया र राजस्व व्यवस्थापनका सम्बन्धमा क्षमता विकासका कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ । सो सम्वन्धमा आवश्यक परेमा प्रदेश सरकारसँग समेत समन्वय गर्न सकिनेछ ।

- प्रदेश र स्थानीय तहको साझा अधिकारका क्षेत्रमा स्थानीय तहहरुले आर्थिक ऐन निर्माण गर्दा प्रदेश कानुन सँग नबाझिनेगरी गर्नुपर्ने हुँदा प्रदेश सरकारबाट सालबसाली रुपमा जारी हुने प्रदेश आर्थिक ऐन, प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, प्रदेशको वार्षिक बजेट र सोसँग सम्बन्धित ऐन कानूनहरुको स्थानीयतहका अधिकारीहरुले अध्ययन तथा विश्लेषण गरी आफ्ना सालबसाली आर्थिक ऐन तर्जुमा गर्न जरुरी देखिन्छ ।

- नागरिकमा कर तिर्ने वानीको विकास गर्न र कर प्रति सकारात्मक धारणाको विकास गर्न स्थानीय सरकारले करदाता शिक्षालाई व्यापक बनाउन विशेष जोड दिनुपर्ने देखिन्छ ।

- करको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहरुले सालबसाली रुपमा जारी गर्ने आफ्नो आर्थिक ऐनमा राजस्वका दायरा तथा दरहरु निर्धारण गर्दा स्थानीय तहको राजस्व परामर्श समितिको बैठकमा निजी क्षेत्र, नागरिक समाज, स्थानीय संघसंस्था लगायत सरोकारवालाहरुको अधिकाधिक सहभागिता गराउन आवश्यक देखिन्छ ।

☏: ०७१-५५०००३,
०७१-५५००६३

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

पत्र संख्या : ०७५।७६

चलानी नं. :

- स्थानीय तहहरुले योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(३) मा उल्लेखित प्रावधान बमोजिम आयोजनाहरुको प्राथमिकीकरण गरी स्थानीय तथ्यांक समेतलाई आधारमानी आफ्नो आवधिक योजना समेत तर्जुमा गरी स्वीकृत गर्न आवश्यक देखिन्छ ।

बोधार्थः
मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५, रुपन्देही ।

(रामहरी मरासिनी)
शाखा अधिकृत